विषय कोड : ३३२१

राष्ट्रिय परीक्षा बोर्ड

नमुना प्रश्न

**ऐच्छिक नेपाली**

(२०७९)

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

समय : ३ घण्टा पूर्णाङ्क : ७५

**समूह 'क'**

१. दिइएको कथांश पढी सोधिएका प्रश्नका उत्तर दिनुहोस् : (३+२)

सोचेँ आज जिन्दगी फेरि नयाँ मोडमा उभिएको छ, यही नयाँ मोडमा उभिएर सोच्दै छु । यो मोडबाट अलग्गिएर गएका दुइटा बाटाहरूमध्ये म कुन बाटामा आफ्नो पहिलो पाइला चालूँ ? एउटा बाटामा शक्तिहीनता छ, असक्षमता छ, निराशा छ, असन्तुष्टि छ, उदासी छ, वैराग्य छ, पलायन छ, छटपटी छ, कुण्ठा छ, पीडा छ, दुःख असन्तुष्टि छ, उदासी छ, अग्निशाला छ, अनास्था छ, स्नेहको अभाव छ, अर्को बाटो तेर्छिएको छ । हेर्छु तलसम्म त्यहाँ जीवनका यशस्वी साहसी बिम्बहरू छन्, कर्मशीलता छ, जागरण छ, सचेतता छ, उत्कृष्टता छ । यसरी जीवनका यावत् सहज र सकारात्मक पक्षहरू छन् । उज्याला स्रोतहरू छन्, हरियालीहरू हुन् । शान्तिपूर्वक जिउनुका आधारहरू हुन् ।

**प्रश्नहरू**

(क) माथिको कथांशमा  कुन दृष्टिविन्दु प्रयोग भएको छ ?उदाहरणसहित लेख्नुहोस् ।

(ख) माथिको कथांशमा 'म' पात्रमा किन द्विविधा  उत्पन्न भएको हो ? दुईओटा कारण दिनुहोस् ।

२. तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (३+२)

जहाँ
हरियाहरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

**प्रश्नहरू :**

(क) माथिको कवितांशलाई व्याकरणिक पदक्रममा रूपान्तरण गर्नुहोस् ।

(ख) माथिको कवितांशमा प्रकृतिलाई कसरी मानवीकरण गरिएको छ ?

३. तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (३+२)

विचार गरेर ल्याउँदा यसको जम्मै पोल खुल्छ । सर्वप्रथम यो एउटा लामकिरो हो । यो भन्दा बढी केही होइन । यसको किरोपनको ज्ञान नहुन्जेल मात्र मानिस यससित डराउने हुन् तर पछि त यसलाई बैठाउने कैयन् सजिला वा जटिलै पनि उपायहरू मानिसले पत्ता लगाउँछ । यसको पनि सीमित इतिहास छ । यसको पनि परम्परा छ । जबसम्म यसले आफ्नो परम्पराको साँगुरोपनलाई छोड्न सक्दैन तबसम्म यसको उन्नति हुनुहुँदैन । यसको आमाले

यसलाई त्यही दुलोभित्र जन्म दिई, तसर्थ यसले पनि आफ्नो घर दुलैभित्रै बनाएको छ । अझ यसको बाबुले यसका कैयन् दाजुभाइ र दिदीबहिनीलाई जन्मनेबित्तिकै खाइदियो र मात्र यो बाँचेको हो । तसर्थ यो कहाँसम्मको मूर्ख छ भने यो पनि आफ्नै सन्तति खान जिब्रो लपलपाउँछ । यसकी श्रीमती यसलाई घृणाका आँखाले हेर्छिन्, थुइक्क ज्यानमारा भनेर । यसको जन्मजात स्वभाव अरूलाई विष छर्ने भएकोले एक त यसलाई कसैले विश्वासै गर्दैनन् र कसैले गर्न खोजे पनि यसको बृद्धि नै भ्रष्ट भएकोले यसले जो होचो, उसैको मुखमा घोचो गर्छ र टोकिहाल्छ । अनि कसले यो कुजातलाई माया गर्ने ? अनि यसको रिसको बयान त कसैले नगरे पनि हुन्छ । रिसैरिसले यसको घाँटी फ्यास्स फुक्छ र टाउको त च्याप्टै । त्यो च्याप्टो टाउकोमा अहङ्कार र विनाशको योजनाबाहेक अरू केही हुन्न ।

**प्रश्नहरू :**

(क) माथिको निबन्धांशमा गोमन सर्पलाई कस्ता मानिससँग तुलना गरिएको छ ?

(ख) माथिको निबन्धांशमा प्रयोग भएका एउटा अनुकरणात्मक शब्द र एउटा उखान पहिचान गरी तिनको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

४. तलको आत्मजीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ५

साहित्य र दर्शनमा रुचि राख्थे घरमा घोटिनुपर्थ्यो हिसाब र विज्ञानमा बाबु भने गर्थे, "साहित्य पनि कुनै विषय हो र ? हिसाब गर हिसाब ।" केटाकेटीदेखि नै घुमन्ते स्वभावकी थिएँ, भविष्यमा शैलानी बनेर देश विदेश घुम्नु र जीवनमा भेट्टाइएका आत्मविभोरताहरूलाई लेख्ने गर्छु भन्ने सपना र आकाङ्क्षा पाल्ने गर्थे । एक्लै पनि घुम्थें, पानीमा रुझ्दैरुझ्दै पनि घुम्थें, खुब वनजङ्गल चहार्थें तर घरमा प्रतिबन्ध थियो । जूनले नुहाएको धरतीमा, फूलबारीको एकान्तमा रात बिताउन मन लाग्थ्यो, चौतारीमा सुत्न मन लाग्थ्यो तर स्वतन्त्रताको पखेटा करापकुरुप भाँचेर ढोका बाहिर फालिदिँदै घाम अस्ताउनासाथ घरभित्र पसिसक्नु पर्थ्यो । कत्रो विवशता, कत्रो बाध्यता आफ्ना चाहनाहरूको हत्या गर्न । तैपनि विद्रोह जाग्थ्यो बारम्बार, कहिले आँखा जुधाउँथें अभिभावकसँग र कहिले मुख पनि लाग्थें । आइमाई केटाकेटी भएर यतिखेर निस्कनुहुन्न भन्ने प्रचलन बढी थियो, त्यस समयको सामाजिक परिवेश थियो आजको भन्दा निकै साँघुरो समाज । दाजुले सिनेमा हेर्न पाउने, हामीले नपाउने ? त्यसपछि भागेर सिनेमा हेर्न सिकियो । केही समय त सिनेमाको लत नै लाग्यो ।

**प्र**श्नहरू :

(क) माथिको अंशमा के कस्तो प्रेरक सन्दर्भ प्रस्तुत भएको पाइन्छ ?

(ख) माथिको अंशमा कस्तो समाजको चित्रण गरिएको छ ?

## समूह "ख"

कुनै तीन प्रश्नको उत्तर दिनुहोस् : ३X५ = १५

५. आधुनिक नेपाली कथाको प्रयोगवादी धाराका पाँच प्रमुख प्रवृत्तिहरू लेख्नुहोस् ।

६. माध्यमिक कालीन शृङ्गारिक नेपाली कविताका क्षेत्रमा मोतीराम भट्टको योगदान मूल्याङ्कन गर्नुहोस् ।

७. आधुनिक कालका नेपाली नाटकको चरण विभाजन गरी प्रमुख पाँच प्रवृत्तिहरु उल्लेख गर्नुहोस् ।

८. आधुनिक नेपाली उपन्यासको पहिलो चरणका प्रमुख प्रवृत्तिहरु वर्णन गर्नुहोस् ।

## समूह "ग"

कुनै दुईको सप्रसङ्ग व्याख्या गर्नुहोस् : २ X ५ = १०

९. मेरो पनि यो घरमा केही हक छ । मलाई हक चाहिएको छ, मलाई न्याय चाहिन्छ निगाह हैन, दया हैन ।

१०. कहीँ बुँख्याचाले तिमीलाई नै बुँख्याचा भनिठान्या त छैन ...?

११. धर्तीमा सुखशान्तिका किरणले छाई दिने लक्ष्यका
हामी न्याय उचाल्न वीरगतिको बाटो लिने पक्षका

## समूह "घ"

**कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **१×६ = ६**

१२. 'महापुरुषका सङ्गत' निबन्धका निबन्धकारले आफूलाई महापुरुष घोषणा गर्नाका कारणहरु उल्लेख गर्नुहोस् ।

१३. 'परिबन्द' कथामा प्रस्तुत छओटा प्रमुख घटनालाई क्रमबद्ध रूपमा प्रस्तुत गर्नुहोस् ।

## समूह "ङ"

**कुनै तीन प्रश्नको उत्तर दिनुहोस् :** **३×८ = २४**

१४.मसान नाटकमा युवती र दुलहीको चरित्रगत भिन्नता केलाउनुहोस् । **मसान नाटक**

१५. इरफान अली कथाका जस्ता पात्रहरू आजको नेपाली समाजमा पाइन्छन् ? तर्कसहित आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

१६. औपन्यासिक पात्रः जीवनको पृष्ठभूमिमा निबन्धलाई शीर्षक र उद्देश्यका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

१७. तलको कवितांशको छन्द र अलङ्कारका दृष्टिले समीक्षा गर्नुहोस् ।

सङ्कल्पको छ धागो छुटी-रहेको लगातार ।
गर्दछ जसका भरमा जीवन-चङ्गा विभिन्न सञ्चार ॥
त्यो मसिना धागामा खिरिलोपन ल्याउने ताजा ।
घसिएको बहुत सफा विवेक बल बुद्धिको माजा ॥